मिति:२०८१/०४/१८

# विज्ञसूची (Roster) तयारीका लागि निवेदन मागसम्बन्धी सूचना

यस केन्द्रबाट आ.ब. २०८१/०८२ मा सम्पादन गरिने विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, कार्यसम्पादन परीक्षणलगायतका विभिन्न शैक्षिक अनुसन्धान तथा परीक्षण कार्यलाई गुणस्तरीय, प्रभावकारी एवम् सुव्यवस्थित बनाउन विज्ञसूची तयार गर्नुपर्ने भएकाले तोकिएबमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकले मिति २०८१ भदौ ६ गते रातीको १२ बजे सम्म निम्नानुसारका google form भर्नुहुन तथा तोकिएबमोजिमको कागजात अपलोड गर्नुहुन वा प्रत्यक्ष रुपमा कार्यालयमा आएर मिति २०८१ भदौ ६ गते सम्म कार्यालय समय भित्र आवश्यक कागजात सहितको निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

## १. कार्यक्षेत्रगत google form को लिङ्क

| कार्यक्षेत्र | लिङ्क |
|---|---|
| (क) विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA), पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षण (NARN) र Assessment Framework विकास लगायतका कार्यहरु | https://forms.gle/GpmJw1fD8QKLj8xbA |
| (ख) कार्यसम्पादन परीक्षणसम्बन्धी कार्यहरू | https://forms.gle/HwbTCpR1DBhBefoN9 |
| (ग) अनुसन्धानमूलक कार्य तथा प्रतिवेदन लेखन कार्यहरू | https://forms.gle/vsY29GNT7eDnpGTL8 |

## २. सर्तहरू

(क) बुँदा नं.१ को (क) मा उल्लिखित कार्यको सन्दर्भमा विज्ञ सूचीमा नाम दर्ता गर्न आधारभूत तहका हकमा सम्बन्धित विषयमा न्यूनतम स्नातक तह उत्तीर्ण र माध्यमिक तहका हकमा न्यूनतम स्नातकोत्तर तह उत्तीर्ण गरी सो विषयमा कम्तीमा ५ वर्षको शिक्षण अनुभव भएको हुनपर्ने छ।

(ख) बुँदा नं.१ को (ख) मा उल्लिखित कार्यको सन्दर्भमा देहायका मध्ये कुनै एक क्षेत्रमा अनुभव भएको हुनुपर्ने छः

- विश्वविद्यालयका शिक्षा विषयका बहालवाला वा सेवानिवृत्त उपप्राध्यापक वा सोभन्दा माथिल्लो तहमा काम गरेको,
- शिक्षा सेवाका उपसचिव वा सोभन्दा माथिको पदबाट सेवानिवृत्त भएको,
- मान्यता प्राप्त विश्वविद्यालयबाट शिक्षाशास्त्रमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरी सामुदायिक विद्यालयको माध्यमिक तह प्रथम श्रेणीको शिक्षक पदबाट सेवानिवृत्त भएको,
- शैक्षिक क्षेत्रमा विशेष गरी लेखन, प्रशिक्षण, निरीक्षण, शैक्षिक प्रशासन, व्यवस्थापन, आयोजना/परियोजना मूल्याङ्कन, अध्यापन वा अध्ययन/अनुसन्धानको क्षेत्रमा कम्तीमा १५ वर्षको अनुभव भएको

(ग) बुँदा नं.१ को (ग) मा उल्लिखित कार्यको सन्दर्भमा विज्ञ सूचीमा नाम दर्ता गर्न न्यूनतम स्नातकोत्तर तह उत्तीर्ण गरी शैक्षिक अनुसन्धानमुलक कार्यमा कम्तीमा ५वर्षको अनुभव भएको हुनुपर्ने छ।

## ३. आवश्यक कागजात

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(ख) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(ग) सेवा प्रमाणित वा निवृत्त पत्र वा सेवा प्रमाणित झल्किने कागजात वा कार्यानुभव कागजातको प्रमाणित प्रतिलिपि

(घ) स्थायी लेखा नम्बर (PAN) कार्डको प्रमाणति प्रतिलिपि

*द्रष्टव्यः कार्यालयमा नै भौतिक उपस्थित भई निवेदन दिन चाहनुहुने विज्ञहरूले उल्लिखित कागजातकासहित संलग्न ढाँचामा निवेदन पेश गर्न सकिने छ। साथै गत वर्ष विज्ञसूचीमा सूचीकृत भएका विज्ञहरूको हकमा निवेदन मात्र भए पुग्ने छ।* ***सो निवेदन फाराम डाउनलोड गरी फाराम भरेर ई-कपी eronasa@gmail.com मा मेल गर्नुहुन अनुरोध छ।***

श्रीमान् महानिर्देशक ज्यू,
शैक्षिक गुणस्तर परीक्षण केन्द्र
सानोठिमी, भक्तपुर।

विषयः विषय विज्ञमा सूचीकृत हुन पाऊँ।

प्रस्तुत विषयमा आ.व. २०८१/८२ का लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट सम्पादन गरिने देहायबमोजिमका कार्यका लागि विज्ञका रुपमा सूचीकृत हुन तपसिलको विवरण तथा आवश्यक कागजातसहित यो निवेदन पेस गरेको छु।

तपसिल

१. व्यक्तिगत विवरण

नामथरः

स्थायी ठेगानाः जिल्ला .......................... न.पा/गा.पा. ...................................... वडा नं. ...........

टोलः ....................... सम्पर्क नं. .................................... इमेलः ...........................................

२. कार्यरत/अवकाश प्राप्त भएको संस्थाको नामः ........................................ ठेगानाः .........................

३. विज्ञका रुपमा सूचीकृत हुन चाहेको विषय र तहः ...........................................................................

४. विज्ञका रुपमा सूचीकृत हुन चाहेको कार्यक्षेत्रः ..................................................................................

५. कार्यसँग सम्बन्धित अनुभव वर्षः ...............

६. शैक्षिक योग्यता (विषयविज्ञका लागि तोकिएको न्यूनतम र सो भन्दा माथिल्लो योग्यता भए सो समेत)

| उपाधि | अध्ययन गरेको विषय | उत्तीर्ण बोर्ड | उत्तीर्ण वर्ष | उत्तीर्ण श्रेणी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

उल्लिखित विवरण साँचो हो, झुठा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला।

हस्ताक्षरः............................

नामः...........................

मितिः...........................